# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. : ४११

मिति: २०८३।०२।३० गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### कार भित्रबाट ठुलो परिमाणको लागु औषध ट्रामाडोल बरामद।

बाराको सिम्रौनगणबाट काठमाण्डौ तर्फ आउदै गरेको बागमती प्रदेश BAD9201 नम्बरको रातो रगंको सुजुकी कार भित्र ठुलो परिमाणको लागु औषध ट्रामाडोल लुकाई ल्याउँदै गरेको भन्ने विशेष सूचनाको आधारमा मिति २०८३।०२।३० गते यस लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले उक्त नम्बरको कारलाई खोज तलास गर्दै जाने क्रममा जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. २३ स्थित गैरी गाउँ बाट नख्खु तर्फ आउदै गरेको अवस्थामा उक्त कार र बा.५२.प. ४५६७ नम्बरको मोटर साईकल फेला पारी रोक्न अनुरोध गर्दा समेत अटेर गरी प्रहरीको नियन्त्रणबाट भाग्दै गरेको अवस्थामा कारको पछाडीको दाहिनेतर्फको टायरमा एक राउण्ड गोली प्रहार गरी उक्त कार र मोटर साईकल नियन्त्रणमा लिई खान तलासी गर्दा कारको पछाडी डिक्की भित्र लुकाई राखेको अवस्थामा लागु औषध ट्रामाडोल ३०,००० क्याप्सुल बरामद गरि कार भित्र रहेको १ जना र मोटर साईकलमा रहेको २ जना गरी ३ जना निम्न उल्लेखित नामथर ठेगाना भएका व्यक्तिहरुलाई पक्राउ गरि यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।

**बरामद सामानहरु:-**

१. लागु औषध ट्रामाडोल ३०,००० क्याप्सुल।
२. बागमती प्रदेशको BAD9201 नम्बरको रातो रंगको सुजुकी कम्पनिको कार थान – १।
३. बा.५२.प. ४५६७ नम्बरको सेतो रगंको FZ कम्पनिको मो.सा. थान -१
४. मोबाईल थान – ५

**पक्राउ परेका व्यक्तिहरुको विवरण**

१. जिल्ला बारा सिम्रौनगढ न.पा. वडा नं. ३ ठेगाना भएका बर्ष ३५ को जितेन्द्र पासवान।
२. भारतीय नागरिक बिहार जिल्ला सितामणी जानकी स्थान वडा नं. १८ ठेगाना भएका बर्ष ३२ को अहमद लड्न।
३. भारतीय नागरिक बिहार जिल्ला सितामणी जानकी स्थान वडा नं. ६ ठेगाना भएका बर्ष ३३ महमद सद्दाम।

**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]